प्रति साधारण शेयर रू.१००/- अंकित दरका
१,२०,००० कित्ता साधारण शेयरहरुको निष्कासन

सो मध्ये ६,००० कित्ता साधारण शेयर सामूहिक लगानी कोषको लागि बाँडफाँट गरिएको तथा ४,८०० कित्ता शेयर कर्मचारीहरुको लागि सुरक्षित गरिएको)

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने
रू.१००/- प्रति शेयरको दरले

दरखास्त दिनुपर्ने न्यूनतम कित्ता : ५0 कित्ता
दरखास्त दिनपाउने अधिकतम कित्ता : १,000 कित्ता

सूर्योदय लघुवित्त वित्तीय संस्था लि.
Suryodaya Laghubitta Bittiya Sanstha Ltd.

सूर्योदय
लघुवित्त वित्तीय संस्था लि.
२०६९

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गका इजाजतपत्र प्राप्त संस्था (१० जिल्ला कार्य क्षेत्र भएको)

केन्द्रीय कार्यालयः
स्याङ्जा जिल्ला पुतलीबजार नगरपालिका वडा नं. १
फोनः ९७७-६३-४२११८७, फ्याक्सः ९७७-६३-४२१२२७
इमेलः suryodayalaghubitta@gmail.com, वेवसाइटः www.suryodayalaghubitta.com.np

को

आव्हान-पत्र

यो विवरणपत्र नभई केवल आव्हान-पत्र मात्र हो ।

साधारण शेयरको बिक्री खुल्ला अवधिः

निष्कासन खुल्ला मिति	: २०७३/०५/१२ गते
निष्कासन बन्द हुने मिति (छिटोमा)	: २०७३/०५/१५ गते (बैंकिङ्ग समय पश्चात्)
निष्कासन बन्द हुने मिति (अन्तिम)	: २०७३/०५/२६ गते (बैंकिङ्ग समय पश्चात्)

श्री नेपाल धितोपत्र बोर्डमा दर्ता तथा स्वीकृत मिति २०७३/०३/१४., श्री नेपाल राष्ट्र बैंकमा दर्ता मिति २०७३/०३/२६., श्री कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता मिति २०७२/०४/०४ ।

१. कम्पनीको नाम :

सूर्योदय लघुवित्त वित्तीय संस्था लिमिटेड (Suryodaya Laghubitta Bittiya Sanstha Limited) ।

२. रजिष्टर्ड कार्यालय :

यस वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय स्याङ्जा जिल्ला पुतलीबजार नगरपालिका वडा नं. १ मा रहेको छ ।

३. कारोवार स्थान :

यस वित्तीय संस्थाले बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०६३ अनुसार "घ" वर्गको १० जिल्ला कार्यक्षेत्र भएको लघु वित्त वित्तीय संस्थाको रुपमा वित्तीय कारोवार गर्ने गरी नेपाल राष्ट्र बैंकबाट अनुमति प्राप्त गरेको हो । हाल यस वित्तीय संस्थाको स्याङ्जा जिल्ला, पुतलीबजार नगरपालिका वडा नं. १ स्थित रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहेको छ । यस वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकबाट मिति २०७०/०३/०६ को पत्रानुसार दश (१०) जिल्लाहरु स्याङ्जा, पर्वत, बागलुङ, म्याग्दी, मनाङ, मुस्ताङ, लमजुङ, गुल्मी, रोल्पा र प्यूठानमा आफ्नो कार्यक्रम विस्तार गर्न सक्ने गरि वित्तीय कारोवार गर्न इजाजतपत्र प्राप्त गरेको छ । संस्थाले २०७०/०४/०१ गतेदेखि कारोवार सञ्चालनमा ल्याई हाल यस वित्तीय संस्थाको चौबिस (२४) वटा शाखाहरु रहेका छन् । ती शाखा कार्यालयहरुको नाम र ठेगाना क्रमशः निम्नानुसार रहेको छ :

क्र.सं.	कार्यालयहरुको नाम,	ठेगाना
१	शाखा कार्यालय, स्याङ्जा	स्याङ्जा जिल्ला, पुतलीबजार नगरपालिका वार्ड नं. १
२	शाखा कार्यालय, थुमपोखरा	स्याङ्जा जिल्ला, थुमपोखरा गा.बि.स. वार्ड नं.२
३	शाखा कार्यालय, डिमुवा	पर्वत जिल्ला, तिलाहार गा.वि.स. वार्ड नं. ६
४	शाखा कार्यालय, माझफांट	पर्वत जिल्ला, मल्लाज माझफांट गा.वि.स. वार्ड नं.३,
५	शाखा कार्यालय, कुस्मिशेरा	बागलुङ जिल्ला, कुस्मिशेरा गा.वि.स. वार्ड नं. ५,
६	शाखा कार्यालय, दरवाङ	म्याग्दी जिल्ला, दरवाङ गा.वि.स. वार्ड नं.१
७	शाखा कार्यालय, मिर्मी	स्याङ्जा जिल्ला, श्रीकृष्णगण्डकी गा.वि.स. वार्ड नं.९,
८	शाखा कार्यालय, दामाचौर	स्याङ्जा जिल्ला, चापाकोट नगरपालिका वार्ड नं. ८
९	शाखा कार्यालय, करपुटार	लमजुङ जिल्ला, ईशानेश्वर गा.वि.स, वार्ड नं.८
१०	शाखा कार्यालय, वामीटक्सार	गुल्मी जिल्ला, वामीटक्सार गा.वि.स. वार्ड नं.२
११	शाखा कार्यालय, बलेटक्सार	गुल्मी जिल्ला, बलेटक्सार गा.वि.स वार्ड नं.४
१२	शाखा कार्यालय, रानीकुवा	लमजुङ जिल्ला, बेशिशहर नगरपालिका वार्ड नं. ३,
१३	शाखा कार्यालय, गौडाकोट	गुल्मी जिल्ला, गौडाकोट गा.वि.स. वार्ड नं. ७
१४	शाखा कार्यालय, फेदिखोला	स्याङ्जा जिल्ला, फेदीखोला गा.वि.स. वार्ड नं.२,
१५	शाखा कार्यालय, मजुवा	गुल्मी जिल्ला, तुराङ गा.वि.स. वार्ड नं. १
१६	शाखा कार्यालय, हटिया	बागलुङ जिल्ला, हटिया गा.वि.स वार्ड नं. ३
१७	शाखा कार्यालय, शान्तीपुर	गुल्मी जिल्ला, शान्तीपुर गा.वि.स वार्ड नं. १
१८	शाखा कार्यालय, टक्शार	लमजुङ जिल्ला, ताङराङटक्सार गा.बि.स वार्ड नं. ८,
१९	शाखा कार्यालय, त्रिवेणी	पर्वत जिल्ला, त्रिवेणी गा.वि.स. वार्ड नं. ९
२०	शाखा कार्यालय, सिमलटारी	गुल्मी जिल्ला, मरभुङ गा.वि.स. वार्ड नं. १
२१	शखा कार्यालय, लिवाङ	रोल्पा जिल्ला, लिवाङ नगरपालिका वार्ड नं. ७
२२	शाखा कार्यालय, दाखाक्वाडी	प्यूठान जिल्ला, खलङ्गा नगरपालिका वार्ड नं.१२
२३	शाखा कार्यालय, मच्छी	प्यूठान जिल्ला, ओखरकोट गा.वि.स वार्ड नं. ७
२४	शाखा कार्यालय, बिरुवा	स्याङ्जा जिल्ला, बिरुवा अर्चले गा.वि.स वार्ड नं.६

यस वित्तीय संस्थाले भविष्यमा नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आवश्यकता अनुसार थप शाखा, उपशाखा वा अन्य कार्यालय खोली देशका अन्य भागमा पनि वित्तीय कारोवार विस्तार गर्दै जाने लक्ष्य लिएको छ ।

४. संगठित संस्थाको स्थापना कालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु :

यस वित्तीय संस्थाको संक्षिप्त इतिहास :

यस वित्तीय संस्था नेपालमा स्थापित सीमित दायित्व भएको वित्तीय संस्था हो । यस वित्तीय संस्थाले मिति २०६८/०२/३० गते नेपाल राष्ट्र बैंकबाट संस्थापकले लिन कबुल गरेको कुल शेयर पूँजीको ५ प्रतिशत रकम जम्मा गर्ने सैद्धान्तिक सहमती पत्र पाएको छ भने २०६९/०८/१९ गते कम्पनी रजिष्ट्रारको कार्यालयलाई वित्तीय संस्था दर्ता गर्ने बारेको पत्र दिइएको थियो र सोही आधारमा मिति २०६९ साल पुष २ गते कम्पनी रजिष्ट्रारको कार्यालयबाट कम्पनी दर्ता नं.१०८११७/०६९/०७० को प्रमाण पत्र प्राप्त गरेको छ ।

वित्तीय संस्थाले मिति २०७० आषाढ ६ गते नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार सञ्चालन गर्ने इजाजतपत्र प्राप्त गरेको छ । मिति २०७०/०४/०१ गतेदेखि कारोवार संचालनमा ल्याएको हो । यस वित्तीय संस्थाको संस्थापकहरुमा स्थानीय व्यवसायीहरु संलग्न रहेका छन् ।

यस वित्तीय संस्थाको मुख्य उद्देश्यहरू :

वित्तीय संस्थाको प्रबन्ध पत्रको दफा ३ र नियमावलीको नियम ३ मा उल्लेख गरिए बमोजिम नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३, कम्पनी ऐन, २०६३ र अन्य प्रचलित नेपाल कानूनको अधिनमा रही वित्तीय कारोवार गर्ने यस वित्तीय संस्थाको मुख्य उद्देश्य देहाय बमोजिम रहेको छ ।

(क) वित्तीय संस्थाको निक्षेपकर्ताको हक हित संरक्षण र सम्बर्द्धन गर्दै स्वस्थ्य प्रतिस्पधाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो लघुवित्त सेवा उपलव्ध गराउने ।

(ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व वृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने ।

(ग) उपलव्ध सीप, श्रम तथा पूँजीलाई उचित रुपमा परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रबर्धन गर्ने कार्यका लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलव्ध गराई गरीबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने ।

(घ) लघुवित्त सेवामा जोखिम कम गर्दै लघुवित्त क्षेत्रको उदारीकरणमा मद्दत पुऱ्याई देशको अर्थतन्त्रलाई सवल तथा सुदृढ बनाउन सहयोग पुऱ्याउने र

(ङ) देशको समग्र वित्तीय प्रणाली प्रति सर्वसाधारणको विश्वासनीयता अभिवृद्धि गर्न सहयोग पुऱ्याउने ।

५. कम्पनीको शेयर पूँजीको विवरण :

- **अधिकृत पूँजी** : यस वित्तीय संस्थाको अधिकृत पूँजी रु.८०,०००,०००/- (अक्षेरुपी आठ करोड) रहेको छ । जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा ८,००,००० (आठ लाख) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।
- **जारी पूँजी** : यस वित्तीय संस्थाको जारी पूँजी रु.४०,०००,०००/- (अक्षेरुपी चार करोड) रहेको छ । जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा ४,००,००० (चार लाख) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।
- **चुक्ता पूँजी** : यस वित्तीय संस्थाको हाल (संस्थापकहरुबाट भुक्तानी भएको) चुक्ता पूँजी रु.२,८०००,०००/- (अक्षेरुपी दुई करोड असी लाख) रहेको छ । जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा २८०,००० (दुई लाख असी हजार) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ । सर्वसाधारण (कर्मचारी सहित) लाई १,२०,००० कित्ता सार्वजनिक निष्कासन र बाँडफाँट पश्चात यस वित्तीय संस्थाको चुक्ता पूँजी रु.४०,०००,०००/- हुनेछ ।

६. शेयरको सार्वजनिक निष्कासन गरी बाँडफाँट गरे पश्चात् हुने कम्पनीको चुक्ता पूँजी संरचना :

निष्कासन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :

समूह	शेयरधनीहरु	शेयर संख्या	चुक्ता रकम	पूँजी प्रतिशत (%)	भुक्तानी प्रतिशत
क	संस्थापक शेयरधनीहरु	२८०,०००	२८,०००,०००/-	७०	शतप्रतिशत
ख	सर्वसाधारण शेयरधनीहरु (कर्मचारी सहित)	१,२०,०००	१२,०००,०००/-	३०	"
	जम्मा	**४,००,०००**	**४०,००,००,०००/-**	**१००%**	**शतप्रतिशत**

७. संचालक तथा आधारभुत शेयरधनीहरुको विवरण :

आधारभुत शेयरधनीहरुको विवरण

क्र.सं.	नाम	पद	उमेर (वर्ष)	राष्ट्रियता	ठेगाना	शेयर स्वामित्व	शैक्षिक योग्यता	अनुभव र प्रस्तावित व्यापार/व्यवसायमा अनुभव
१.	अनन्त कुमार श्रेष्ठ	अध्यक्ष	३९	नेपाली	स्याङ्जा जिल्ला, पुतलीबजार, न.पा. वार्ड नं. ४, भाईटारी टोल, घर नं. १२५	२०,६००	एम.ए. बि.एड	- निर्देशक गोल्डेन आई एकेडेमी प्रा.लि.-५ वर्ष । - अध्यक्ष सूर्योदय क्लब - १६ वर्ष । - सल्लाहकार नेपाल घरेलु तथा साना उद्योग महासंघको - ८ वर्ष । - संस्थापक युवा गैर सरकारी संस्था महासंग नेपाल - ४ वर्ष ।

संचालकहरुको विवरण

क्र.सं.	नाम	पद	उमेर (वर्ष)	राष्ट्रियता	ठेगाना	शेयर स्वामित्व	शैक्षिक योग्यता	अनुभव र प्रस्तावित व्यापार/व्यवसायमा अनुभव
१	श्री अनन्त कुमार श्रेष्ठ	अध्यक्ष	३९	नेपाली	स्याङ्जा जिल्ला, पुतलीबजार, न.पा.-४, भाईटारी टोल, घर नं.१२५	२०,६००	एम.ए. बि.एड	- निर्देशक गोल्डेन आई एकेडेमी प्रा.लि. - ५ वर्ष । - अध्यक्ष सूर्योदय क्लब - १६ वर्ष । - सल्लाहकार नेपाल घरेलु तथा साना उद्योग महासंघको - ८ वर्ष । - संस्थापक युवा गैर सरकारी संस्था महासंग नेपाल - ४ वर्ष
२.	श्री गुडाखर सापकोटा	संचालक	४८	नेपाली	स्याङ्जा जिल्ला, चिलाउनेबास गा.वि.स वार्ड नं. २	१८,०००	एम.ए., एम. बि.ए., बि.एल	- प्रबन्ध निर्देशक गोल्डेन आई एकेडेमी - ८ बर्ष । - गोल्डेन सहकारीमा आवद्धता । - अध्यक्ष अन्धाअन्धी सामुदायिक विकास केन्द्रमा - १२ बर्ष । - गा.वि.स अध्यक्ष चिलाउनेबास गा.वि.स (२०४९-२०५९) ।
३.	श्री गोबिन्द प्रसाद शर्मा	संचालक	३९	नेपाली	स्याङ्जा जिल्ला, पुतलीबजार, न.पा.-५, गुडीखोला	९,०००	बि.एड	- सूर्योदय क्लबको सल्लाहकार । - शिशु निकेतन आ.मा.वि मा ८ वर्ष मेनेजरको रुपमा कार्यरत ।
४.	श्री एक बहादुर गोदार	संचालक	३५	नेपाली	स्याङ्जा जिल्ला, पुतलीबजार, न.पा.-४, घर नं. १५९	८,०००	एम.ए.	- स्याङ्जा एफ.एफ. को स्टेशन मेनेजर तथा शुभम् सपिङ सेन्टरका संचालक । - सूर्योदय क्लबको सचिव ।
५.	श्री हुम बहादुर कुमाल	संचालक	५३	नेपाली	स्याङ्जा जिल्ला, पुतलीबजार, न.पा.-५, कुमालगाँउ	४,०००	साक्षर	- हार्डवयर व्यवसायी । - नेपाल कुमाल समाज सुधार समिति केन्द्रीय उपाध्यक्ष ।
६.	प्रा.देवनारायण सुतिहार	बिशेषज्ञ संचालक	५९	नेपाली	बिसहरिया-५, सप्तरी	नभएको	एम.ए.	- पृथ्वीनारायण क्याम्पस, पोखरामा प्राध्यापन पेशामा ३५ बर्ष देखी रहेको ।

८. धितोपत्र जारी गर्नुको उद्देश्य :

(अ) बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०६३ अनुरुप कम्तिमा ३०% शेयर सर्वसाधारणमा बिक्री गर्नुपर्ने प्रावधान भएको र सोही बमोजिम वित्तीय संस्थाको प्रवन्धपत्रमा समेत ३०% शेयर सर्वसाधारणमा बिक्री गर्ने व्यवस्था भए अनुरुप १,२०,००० कित्ता साधारण शेयर बराबर रु.१ करोड २० लाख शेयर पूँजी सर्वसाधारण नेपाली नागरिकहरु लगायत संघसंस्थालाई बिक्री वितरण गरी वित्तीय संस्थाको सञ्चालनमा सर्वसाधारण लगानीकर्ता तथा संघ संस्थाहरुलाई समेत संलग्न गराउन ।

(आ) वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख भएका उद्देश्यहरु अनुरुप गर्नु पर्ने कार्यहरुको लागि आवश्यक पूँजी संकलन गर्न ।

(इ) वित्तीय संस्थाले आफ्नो सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिहरुलाई विस्तार गर्न आवश्यक पर्ने पूँजीको व्यवस्था गर्न ।

९. लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :

प्रत्येक आवेदकले कम्तीमा ५० (पचास) कित्ता शेयर खरीदका लागि आवेदन दिनुपर्नेछ । ५० (पचास) कित्ताभन्दा बढी शेयरका लागि आवेदन दिंदा १० (दश) अङ्कको गुणन संख्यामा १ हजार कित्ता बराबरको रु. १ लाखसम्मको अधिकतम शेयरका लागि आवेदन दिन सक्नेछन् । यस्तो साधारण शेयरका लागि आवेदन दिंदा आफुले खरीद गर्न चाहेको प्रति साधारण शेयर वापत रु.१००/- (एक सय) का दरले हुन आउने एकमुष्ठ रकम दरखास्तसाथ बुझाउनु पर्नेछ ।

१०. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

सञ्चालक समितिको संरचना निम्न बमोजिम रहेको छ ।

समूह "क" का संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने निर्वाचित संचालकहरु	५ (पाँच) जना
समूह "ख" का सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित संचालकहरु	२ (दुई) जना
नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञबाट मनोनित सञ्चालक	१ (एक) जना
जम्मा	८ (आठ) जना

यस वित्तीय संस्थाको नियमावलीको नियम २८ मा व्यवस्था भए अनुसार वित्तीय संस्थाको सञ्चालक हुनका लागि कम्तिमा १०० (सय) कित्ता शेयर लिएको हुनु पर्नेछ । यस्तो शेयर लिने व्यक्तिले आफ्नो शेयर कुनै व्यहोराले कसैलाई धितोबन्धक दिएको वा राखेको हुनु हुँदैन । तर नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञ सञ्चालक मनोनयन गरेको अवस्थामा त्यस्तो सञ्चालकले व्यक्तिगत हैसियतले त्यस्तो शेयर लिन आवश्यक हुने छैन । सञ्चालकहरुको कार्यकाल ४ वर्षको हुनेछ ।

११. कम्पनीको विगत तीन वर्षको वास्ताविक तथा आगामी तीन वर्षको प्रक्षेपित वित्तीय विवरण :

वासलात

(रू.हजारमा)

पूँजी तथा दायित्व	वास्तविक		*अपरिष्कृत ०७२/७३ चैत्र मसान्त सम्मको	प्रक्षेपित		
	आ.व.२०७०/७१	आ.व.२०७०/७१		आ.व.२०७२/७३	आ.व.२०७३/७४	आ.व.२०७४/७५
१. शेयर पूँजी	१४,०००	२८,०००	२८,०००	४२,०००	४६,२००	५३,१३०
२. जगेडा तथा कोषहरु	(३,२१७)	२,४०४	१३,८३३	१५,३७१	२८,२४८	४१२८४
३. ऋणपत्र तथा बन्ड	-	-	-	-	-	-
४. तिर्न बाँकी कर्जा सापट	८९,३३३	१,९७,९९३	३,३०,५५१	३४,६८८८	४३,३६१०	५४,२०१३
५. निक्षेप दायित्व	९,४८८	५३,०५३	१,१२,६०४	९८,९६९	१,२८,६५९	१,६७,२५७
६. प्रस्तावित नगद लाभांश	-	-	-	१०५	२११०	२३१०
७. आयकर दायित्व	-	-	-	४५६	८२०	८७३
८. अन्य दायित्व	२५६	१,०१६	१३,६९७	४,४३७	५,७१९	६,९०८
कूल दायित्व	१,०९,८५९	२,८२,४६६	४,९८,६८५	५,०८,२२६	६,४५,३५७	८,१३,७७४

सम्पत्ति	वास्तविक		*अपरिष्कृत ०७२/७३ चैत्र मसान्त सम्मको	प्रक्षेपित		
	आ.व.२०७०/७१	आ.व.२०७०/७१		आ.व.२०७२/७३	आ.व.२०७३/७४	आ.व.२०७४/७५
१. नगद मौज्दात	१६६	३९५	४,०९९	९९०	१,१८१	१,७५२
२. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	-	-	-	-	-	-
३. बैंक/वित्तीय संस्थामा रहको मौज्दात	३४,२८०	५६,५८४	१,४३,७३७	९२,१४०	१,१६,३१४	१,२५,५९४
४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	-	-	-	१५,००१	७,०५५	१०६९५
५. लगानी	-	-	-	-	१,५००	१,६५०
६. कर्जा, सापट तथा बिल खरीद	७२,५०८	२,२१,२४७	३,३६,८७७	३,९४,७५८	५,१३,१८५	६,६७,१४१
७. स्थिर सम्पत्ति	२,७०२	३,१९९	५,००५	३,९१४	४,४३९	५,०२५
८. गैर बैंकिङ्ग सम्पत्ति	-	-	-	-	-	-
९. अन्य सम्पत्ति	२०४	१,०४०	८,९६७	१,४२३	१,६८३	१,९१७
कूल सम्पत्ति	१,०९,८५९	२,८२,४६६	४,९८,६८५	५,०८,२२६	६,४५,३५७	८,१३,७७४

नाफा-नोक्सान हिसाब

(रू.हजारमा)

विवरण	वास्तविक		*अपरिष्कृत ०७२/७३ चैत्र मसान्त सम्मको	प्रक्षेपित		
	आ.व.२०७०/७१	आ.व.२०७०/७१		आ.व.२०७२/७३	आ.व.२०७३/७४	आ.व.२०७४/७५
१. व्याज आम्दानी	५,९२५	२८,५०६	४५,८९४	५९,६९१	७७,३६१	९९,५४५
२. व्याज खर्च	२,५००	१०,८७६	१६,८६४	२०,६९८	२६,२१४	३३,२११
खुद व्याज आम्दानी	३,४२५	१७,६३०	२९,०३०	३८,९९३	५१,१४७	६६,३३४
३. कमिशन तथा डिस्काउण्ट	१,२७७	४,२३१	५,३५०	४,७५४	५,२२९	५,७५२
४. सटही घटबढ आम्दानी	-	-	-	-	-	-
कूल सञ्चालन आम्दानी	४,७०२	२१,८६१	३४,३८०	४३,७४७	५६,३७६	७२,०८६
५. कर्मचारी खर्च	३,५२४	८,८०२	११,६२२	१३,२०४	१९,८०५	२९,७०८
६. अन्य सञ्चालन खर्च	२,७३२	४,२९९	३,६६५	५,१०५	५,२३९	५,८१९
७. सटही घटबढ नोक्सान	-	-	-	-	-	-
सम्भावित नोक्सानी व्यवस्था अघिको संचालन मुनाफा	(१,५५३)	८,७५९	१९,०९३	२५,४३८	३१,३३२	३६,५६०
८. सम्भावित नोक्सानी व्यवस्थाहरु	७३२	१,५०२	१,१३४	१,७५३	१,१९६	१,५५५
सञ्चालन मुनाफा	(२,२८६)	७,२५७	१७,९५९	२३,६८५	३०,१३५	३५,००५
९. गैर संचालन आम्दानी/(खर्च)	-	-	-	-	-	-
१०. सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता	-	-	-	-	-	-
नियमित कारोबारबाट भएको मुनाफा	(२,२८६)	७,२५७	१७,९५९	२३,६८५	३०,१३५	३५,००५
११. असामान्य कारोबारहरुबाट भएको मुनाफा/(खर्च)	-	-	-	-	-	-
सम्पूर्ण कारोबार समावेश पछिको खूद मुनाफा	(२,२८६)	७,२५७	१७,९५९	२३,६८५	३०,१३५	३५,००५
१२.कर्मचारी बोनस व्यवस्था	-	६६०	१,६३२	२,१५३	२,७४०	३,१८२
१३.आयकर व्यवस्था	-	९७६	४,८९८	६,४६०	८,२१९	९,५४७
यस वर्षको कर व्यवस्था	-	१०५२	-	-	-	-
विगत वर्षसम्मको कर व्यवस्था	-	-	-	-	-	-
यस वर्षको स्थगन कर (आम्दानी)/खर्च	-	(७६)	-	-	-	-
खुद नाफा/नोक्सान	(२,२८६)	५,६२१	११,४२९	१५,०७२	१९,१७७	२२,२७६
शेयर संख्या (हजारमा) (प्रास्तवित बोनश शेयर बाहेक)	१४०	२८०	२८०	४००	४२०	४६२
प्रति शेयर आम्दानी (रु.)	-	-	-	३७.६८	४५.६६	४८.२२

१२. विगत ३ वर्षको नेटवर्थमा भएको औसत प्रतिफल :

यस लघुवित्तको नेटवर्थमा भएको वास्तविक तथा प्रक्षेपित औसत प्रतिफल देहाय बमोजिम छ :

विगत तथा आगामी ३ वर्षको नेटवर्थमा भएको औसत प्रतिफल

(रू.हजारमा)

विवरण	वास्तविक		*अपरिष्कृत ०७२/७३ चैत्र मसान्त सम्मको	प्रक्षेपित		
	आ.व.२०७०/७१	आ.व.२०७०/७१		आ.व.२०७२/७३	आ.व.२०७३/७४	आ.व.२०७४/७५
चुक्ता पूँजी	१४,०००	२८,०००	२८,०००	४२,०००	४६,२००	५३,१३०
जगेडा, कोष तथा संचित नाफा	(३,२१७)	२,४०४	१३,८३३	१५,३७१	२८,२४८	४१,२८४
जम्मा	१०७८३	३०४०४	४१,८३३	५७,३७१	७४,४४८	९४४१४
अपलेखन गर्न बाँकी खर्च	-	-	-	-	-	-
जम्मा (नेटवर्थ)	१०७८३	३०४०४	४१,८३३	५७,४७६	७६,४४३	९६,५४५
शेयर संख्या (हजारमा) (प्रास्तवित बोनश शेयर बाहेक)	१४०	२८०	२८०	४००	४२०	४६२
प्रति शेयर नेटवर्थ	७७.०२	१०८.५९	१४९.४०	१४३.४३	१७७.२६	२०४.३६
नेटवर्थमा प्रतिफल (%)	(२१.२०)	१८.४९	२७.३२	२६.२७	२५.७६	२३.५९
नेटवर्थमा औषत प्रतिफल	(१.३५)		-	२४.६९		
निष्कासन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक प्रतिफल = ५.६८%						

वित्तीय प्रक्षेपणका आधार तथा तरिका

विवरण	प्रक्षेपित		
	आ.व.२०७२/७३	आ.व.२०७३/७४	आ.व.२०७४/७५
१. कूल निक्षेपमा औषत बृद्धिदर	५०%	४०%	४०%
२. कूल कर्जा तथा सापटमा औषत बृद्धिदर	११२%	४१%	४०%
४. कूल आयमा औषत बृद्धिदर	१३३%	५५%	४०%
५. कूल खर्चमा औषत बृद्धिदर	२०%	२१%	२२%
६. संचालन खर्च तथा कूल आम्दानी अनुपात	४०%	४५%	४०%
७. खुद मुनाफामा औषत बृद्धिदर	८६%	६३%	८१%
८. निक्षेपको औषत व्याजदर	८%	८%	८%
९. कर्जा तथा सापटको औषत व्याजदर	१८.५%	१८.५%	१८.५%
१०. आयकर दर	३०%	३०%	३०%
११. वैधानिक तरलता अनुपात (SLR)	२.५%	२.५%	२.५%
१२. अनिवार्य मौज्दात (CRR)	०.५%	०.५%	०.५%
१३. पूँजीकोष पर्याप्तता (CAR)	८%	८%	८%

* अपरिष्कृत र व्यवस्थापनबाट प्रमाणित ।

द्रष्टव्यः यस आर्थिक तथा वित्तीय प्रक्षेपण र विश्लेषण विगत वर्षहरुको कारोवारको आधारमा निष्कासनकर्ता कम्पनी आफैले तयार पारेको हो । उक्त प्रक्षेपित वित्तीय विवरणहरु पुनरावलोकन गरी यथार्थ परक भएको व्यहोरा सहितको राय व्यक्त गर्ने विशेषज्ञमा चार्टर्ड एकाउण्टेण्ट श्री एस ढकाल एण्ड एसोसियटस्, काठमाण्डौं हुनुहुन्छ ।

१३. कम्पनीले गर्ने भएको काममा निहित सम्भावित आर्थिक जोखिमहरु :

वित्तीय संस्थाको अन्तर्निहित जोखिमहरु निम्नानुसार रहेका छन् :

(क) वित्तीय साधनको अभावबाट हुने जोखिम :
- निक्षेप तथा कर्जाको व्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु ।
- बजारमा हुने आर्थिक मन्दीबाट पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु ।

(ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम :
- सो नभएको ।

(ग) उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :
- वित्तीय संस्थामा थोक कर्जा प्रवाह गर्ने गरी नयाँ बैंक तथा वित्तीय संस्थाको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।

(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (Cost Overrun) को जोखिम :
- सो नभएको ।

(ङ) विदेशी विनिमयको जोखिम :
- सो नभएको ।

(च) कानूनी प्रक्रियाहरु तथा ईजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरु :
- सो नभएको ।

(छ) क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :
- सो नभएको ।

(ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :
- देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुने सम्भावित जोखिमहरु ।

(झ) सञ्चालन इतिहासको अभाव :
- मिति २०७०/०४/०१ गतेबाट कारोवार सञ्चालन गरेकोले स्वयम संस्थाको इतिहास त्यति लामो नभएको ।

(ञ) प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिम :
- सो नभएको ।

(ट) अन्य :
1. वित्तीय संस्थाले प्रदान गरेको कर्जा तथा सापट खराव कर्जामा परिणत हुन गएमा हुने जोखिम ।
2. देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
3. पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।
4. वित्तीय संस्थाले सरकारी तथा गैर सरकारी धितोपत्रहरुमा लगानी गरेकोले लगानीमा हुने मूल्य परिवर्तनको जोखिम ।
5. दैवी प्रकोप तथा अन्य असामायिक घटना क्रमहरुबाट उत्पन हुन सक्ने जोखिमहरु ।

उपरोक्तानुसारको जोखिमहरुलाई न्यून वा व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्थापनको योजना :

वित्तीय संस्थाको कर्जा तथा लगानी खराव भई हुन सक्ने जोखिमहरुको लागि वित्तीय संस्थाले पर्याप्त कर्जा जोखिम कोषको व्यवस्था गरेको छ । यस वित्तीय संस्थाले ग्रामीण क्षेत्रमा समान प्रकृतिका अन्य संस्थाहरुको स्थापना एवं क्षमता विकासमा प्रत्यक्ष संलग्न रही आफ्नै सञ्जाल निर्माण गरी सो मार्फत थोक कर्जा कारोबार गर्ने भएकोले अन्य बैंक तथा वित्तीय संस्थाको प्रवेशबाट उत्पन्न हुन सक्ने जोखिम न्यून हुने विश्वास लिईएको छ । वित्तीय संस्थाले वित्तीय बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति विकासमा ध्यान पुऱ्याउनुको साथै अन्य व्यवसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी कम गर्न सक्षम र प्रतिवद्ध छ ।

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम :

रु.१००/- प्रति शेयरका दरले निष्कासन गरिएको शेयर मुल्यले सूचिकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

१४. कम्पनीको सकारात्मक पक्षहरु :

- बैंकिङ्ग तथा वित्तीय क्षेत्रमा अनुभवी तथा दक्ष व्यवस्थापकहरुद्वारा सञ्चालित ।
- जोखिम लेखाजोखा पश्चात मात्र लगानी तथा कर्जाको अवसरहरुमा कोषको प्रवाह भएको ।

१५. धितोपत्र बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचिकरण सम्बन्धी ब्यबस्था :

(क) अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रकृया :
यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्याभन्दा वढी संख्यामा साधारण शेयर खरीदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित धितोपत्र बाँडफाँट सम्वन्धी निर्देशिकामा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँट गरिनेछ र शेयर बाँडफाँट सम्वन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ ।

(ख) अत्याधिक माग भएको वा बाँडफाँट नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यबस्था :
यस विवरण पत्र अनुसार जारी गरिएको साधारण शेयरहरु धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०६५ तथा नेपाल धितोपत्र बोर्डको प्रचलित व्यवस्था अनुसार निर्धारित समयभित्र बाँडफाँट गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा जनाइएको बाँडफाँट-पत्र र फिर्ता भुक्तानी दरखास्तवालाले दरखास्त फाराममा उल्लेख गरेको बैंक वा वित्तीय संस्थाको खातामा जम्मा हुने गरी रकम फिर्ता भुक्तानी दिइनेछ । बाँडफाँटमा नपरेको शेयर वापतको रकम फिर्ता भुक्तानी दिंदा आवेदकलाई आवेदन रकम निष्कासन बैंक (Banker to the Issue) मा जम्मा गर्दा व्याज आर्जन गरेमा सो आर्जेको व्याज (शेयर बाँडफाँट भन्दा एक दिन अघिसम्मको अवधिको) रकमको असी प्रतिशत रकम दिइनेछ । यसरी प्रचलिन व्यवस्था अनुसार अत्याधिक माग भएको वा बाँडफाँट नभएको अवस्थामा प्रचलित कानून वमोजिम गरिनेछ ।

(ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर :
धितोपत्र निष्कासन निर्देशिका, २०६५ ले निर्धारित गरेको समयभित्र शेयरको बाँडफाँटपत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा शेयरको बिक्री बन्द भएको मितिदेखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने व्याज सहित हिसाव गरी रकम फिर्ता भुक्तानी गरिनेछ ।

(घ) धितोपत्र बाँडफाँट तथा प्रमाण-पत्र जारी सम्बन्धी प्रकृया र समयावधि :
निष्कासन गरिने साधारण शेयर प्रचलित धितोपत्र निष्कासन निर्देशिका, २०६५ तथा प्रचलित शेयर बाँडफाँट सम्वन्धी व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँट गरी तोकिएको समयावधि भित्र शेयर प्रमाण पत्र वितरण गरिनेछ ।

(ङ) धितोपत्र सूचीकरण भैसकेको भए, त्यस्तो धितोपत्र सूचीकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नु पर्ने शर्तहरु सम्बन्धी विवरण :
सो नभएको ।

(च) धितोपत्र सूचीकरण भैनसकेको भए, संगठित संस्थाले निष्कासन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने ब्यबस्था सम्बन्धी विवरण :
निष्कासन गरिने साधारण शेयरको बाँडफाँट पश्चात धितोपत्र निष्कासन निर्देशिका, २०६५ मा भएको व्यवस्था अनुसार निर्धारित अवधिभित्र साधारण शेयर सूचिकरण गराई शेयर खरिद/विक्रीको व्यवस्था मिलाइने छ ।

१६. कम्पनीको प्रबन्ध-पत्र, नियमावली, वासलात, नाफा-नोक्सान हिसाबको निरीक्षण गर्न सकिने समय र स्थान :

पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण कार्यालय समयभित्र कम्पनीको रजिष्टर्ड कार्यालय स्याङ्जा जिल्ला पुतलीबजार नगरपालिका वडा नं. १ र धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक ग्लोवल आइएमई क्यापीटल लिमिटेड, जमल, काठमाडौंमा प्राप्त गर्न वा हेर्न सकिनेछ ।

१७. साधारण शेयर खरीदका लागि आवेदन दिंदा निवेदकले पालना गर्नु पर्ने शर्तहरु :

१) कुनै पनि नेपाली नागरिक तथा नेपाली संघ संस्थाले यस विवरण-पत्र मार्फत जारी गरिने साधारण शेयर खरीदका लागि दरखास्त दिन सक्नेछन् । दरखास्त फारममा दरखास्तवालाले आफ्नो नागरिकता प्रमाणपत्रको नम्बर अनिवार्य रुपमा उल्लेख गर्नुको साथै आफनो नागरिकता प्रमाणपत्रको प्रतिलिपिमा दरखास्तवाला स्वयंले प्रमाणित गरी दरखास्तसाथ संलग्न गर्नु पर्नेछ ।

२) आवेदकले आवेदन फारममा आफ्नो मुखाकृति स्पष्ट देखिने हालसालै खिचिएको फोटो अनिवार्य रुपमा टाँस गर्नु पर्नेछ ।

३) आवेदन फारम नेपाली तथा अंग्रेजी दुवै भाषामा पूर्णरुपले भर्नुपर्नेछ ।

४) नाबालकको हकमा आमा/बाबुले संरक्षक भई आवेदन दिनु परेमा नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपि अनिवार्य रुपमा दरखास्त फारमसाथ पेश गर्नु पर्नेछ ।

५) आमा/बुवा बाहेक अन्य व्यक्ति संरक्षक भई नावालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिन चाहने दरखास्तवालाहरुले प्रचलित कानून बमोजिम संरक्षकत्व ग्रहण गरेको प्रमाणको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

६) नाबालकको हकमा माथि बुंदा (४) र (५) मा उल्लेख गरिएका विवरणहरुको अतिरिक्त संरक्षकको नागरिकता प्रमाण पत्रको प्रतिलिपि संरक्षक स्वयंले प्रमाणित गरी दरखास्त फारमसाथ अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

७) दरखास्त दिंदा कम्पनीले तोकेको निर्दिष्ट ढाँचामा आफूले खरीद गर्न चाहेको साधारण शेयर संख्या र त्यसको रकम खुलाई दरखास्त दिनुपर्नेछ । नावालकको हकमा संरक्षक भै आवेदन दिनु परेमा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि र नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नावालकको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि संरक्षक स्वयंले प्रमाणित गरी समावेश गर्नुपर्नेछ ।

८) शेयर खरीदका लागि दरखास्त दिंदा दरखास्तवालाले बैंक तथा वित्तीय संस्थामा रहेको आफ्नो खाता नम्बर, बैंक तथा वित्तीय संस्थाको नाम र ठेगाना स्पष्ट रुपमा दरखास्त फारममा खुलाउनु पर्नेछ । नावालकको हकमा दरखास्त दिंदा समेत नावालककै नामको खाता रहेको बैंक तथा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत अनिवार्य रुपमा दरखास्त फारममा खुलाउनु पर्नेछ । साथै आफ्नो खाता नं. उल्लेख गर्दा Clearing House को सदस्य भएको बैंक तथा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नुपर्नेछ ।

९) दरखास्तवालालाई रकम फिर्ता दिंदा दरखास्त फारममा उल्लेख गरिएको बैंक खातामा जम्मा हुने गरी एकाउण्टपेयी चेक मार्फत मात्र रकम फिर्ता भुक्तानी दिइने छ ।

१०) आवेदकले आफूले खरीद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१००/- का दरले हुन आउने रकम वा सो बरावरको रकम जम्मा गरेको भौचर संलग्न भएको हुनु पर्नेछ ।

११) एक व्यक्तिले आफूले लिन चाहेको सम्पूर्ण साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिन पाइने छैन । यदि एक व्यक्तिको नाममा दुई वा दुई भन्दा बढी दरखास्त प्राप्त हुन आएमा सम्पूर्ण आवेदनलाई रद्द गरिनेछ ।

१२) संयुक्त रुपमा साधारण शेयर खरीद गर्न चाहनेले बढीमा दुई जनाको नाममा दरखास्त दिन सक्नेछन् । यसरी संयुक्त रुपमा दरखास्त दिने दरखास्तवालाहरुले शेयर खरीद गर्नका लागि छुट्टै दरखास्त दिन पाईने छैन । संयुक्त रुपमा आवेदन दिंदा आवेदकहरुसंग पत्राचार वा अन्य कुनै कार्य गर्दा आवेदन फारममा पहिलो नाम उल्लेख भएको व्यक्तिसंग गरिनेछ ।

१३) कम्पनी तथा अन्य संघ संस्थाले साधारण शेयर खरीदका लागि दरखास्त दिंदा संस्था दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि र सम्बन्धित संस्थाको सञ्चालक समितिले साधारण शेयर खरिद गर्ने सम्बन्धमा गरेको निर्णयको प्रतिलिपि सहित कम्पनीको कार्यकारी प्रमुख वा संस्थाको प्रमुखको विवरण तथा फोटो अनिवार्य रुपमा समावेश गरेको हुनुपर्नेछ ।

१४) साधारण शेयर खरीद गर्नको लागि दरखास्त दिने व्यक्ति स्वयंले दरखास्त फारममा दस्तखत गरी कम्पनीले तोकिएको स्थानहरुमा साधारण शेयर खरीदका लागि दरखास्त बुझाउन सकिनेछ । यसरी दरखास्त फारममा दस्तखत नगरेको र तोकिएको संलग्न केन्द्रहरु बाहेक अन्य स्थानहरुमा दरखास्त फारम बुझाएको दरखास्त फारमलाई रद्द गरिनेछ ।

१५) रितपूर्वक प्राप्त नभएको दरखास्त फारमलाई शेयर बाँडफाँटमा समावेश गरिने छैन । सो को जिम्मेवार दरखास्तवाला स्वयं हुनेछ ।

१६) बाँडफाँटवाट कायम शेयरधनीहरुलाई शेयर प्रमाणपत्र दिंदा आवेदकले दरखास्त फारमसाथ स्वयँले प्रमाणित गरी संलग्न गरेको नागरिकता प्रमाणपत्रको प्रतिलिपिको सक्कलप्रतिको आधारमा सही आवेदक पहिचान गरेर मात्र दिइने व्यवस्था रहेकोले शेयर प्रमाणपत्र लिन आउँदा आवेदकले आफ्नो नागरिकताको सक्कलप्रति पेश गरी नागरिकता प्रमाणपत्रको प्रतिलिपि समेत सम्बन्धित संकलन केन्द्रलाई उपलब्ध गराउनु पर्ने छ ।

१७) निक्षेप सदस्यहरु मार्फत हितग्राही खाता खोल्नु भएका लगानीकर्ता महानुभावहरुको हकमा साधारण शेयरको दरखास्त फारम बुझाउँदा दरखास्त फारममा आफूले निक्षेप खाता खोलेको निक्षेप सदस्यको सदस्यता नम्बर र हितग्राही खाता नम्बर उल्लेख गर्नु पर्नेछ । कम्पनीको चुक्ता पूँजी सिडिएससिमा सूचीकृत भए पश्चात मात्र बाँडफाँटमा परेको शेयर निजहरुको खाता जम्मा गरिने छ । यसका लागि लगानीकर्ता महानुभावहरुले आफ्नो खाता रहेको निक्षेप सदस्यको नम्बर तथा हितग्राही खाता नम्बर दरखास्त फारममा स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने छ ।

१८) रु.५०,०००/- (पचास हजार) भन्दा बढी लगानी गर्ने दरखास्तवालाले दरखास्त दिँदा अनिवार्य रुपमा एकाउन्ट पेयी चेक मार्फत रकम जम्मा गर्नु पर्नेछ ।

१८. शेयर खरीदका लागि विवरणपत्र प्राप्त गर्न वा हेर्न सकिने, आवेदन फारम पाईने, रकम जम्मा गर्ने र आवेदन फारम बुझाउने स्थान :

क्र.सं.	स्थान	फोन नं.	सम्पर्क व्यक्ति
१.	ग्लोवल आइएमई क्यापीटल लिमिटेड*, राष्ट्रिय नाचघर, जमल, काठमाडौं ।	४२२२४६०	विजेता/दामोदर
२.	सूर्योदय लघुवित्त वित्तीय संस्था लिमिटेड, पुतलीबजार, स्याङजा लगायत शाखा कार्यालयः रानीकुवा, लमजुङ्ग र मल्लाज, पर्वत ।	०६३-४२११८७	सूर्य प्रसाद पोडेल
३.	ग्लोवल आइएमई बैंक लिमिटेड **उपत्यका भित्रः** कान्तिपथ**, सिनामंगल, सुकेधारा, पुल्चोक, नखु, सूर्यबिनायक, बनस्थली	४४४६१५०	बृहष्पति तिवारी
४.	ग्लोवल आइएमई बैंक लिमिटेड **उपत्यका बाहिरः** न्यूरोड, पोखरा, हेटौडा, विराटनगर, नेपालगञ्ज, विर्तामोड, धनगढी		
५.	ज्योति विकास बैंक लिमिटेड, **उपत्यका भित्रः** कमलादी, कोटेश्वर, सरस्वतिनगर, जोरपाटी, प्रयागपोखरी र नयाँ वानेश्वर, काठमाडौं **उपत्यका बाहिरः** बुटवल र वीरगञ्ज	४४२७६२७	विजयराम आचार्य
६.	कञ्चन डेभलपमेन्ट बैंक लि., भिमदत्त न.पा. कञ्चनपुर	९८४८७१४७९२	अञ्जु भट्ट

* उपरोक्त संकलन केन्द्रहरुबाट चेक मात्र बुझिलिने व्यवस्था गरिएको छ ।
** उपरोक्त स्थानमा दरखास्त फारामसाथ नगद मात्र बुझिलिने व्यवस्था गरिएको छ ।

१९. निष्कासन बैंक (Bankers to the Issue) सम्बन्धी व्यवस्था :

साधारण शेयर निष्कासनको लागि देहायका बैंकहरुलाई निष्कासन बैंक (Bankers to the Issue) को रुपमा नियुक्त गरिएको छ ।

क्र.सं.	निष्कासन बैंकहरु	खाता नं.
१.	माछापुच्छ्रे बैंक लिमिटेड, लाजिम्पाट, काठमाडौं ।	०१०१५२४३६२७२००४४
२.	सिभिल बैंक लिमिटेड, कमलादी, काठमाडौं ।	००२१००७६२३४०५६
३.	मेगा बैंक नेपाल लिमिटेड, कमलादी, काठमाडौं ।	००१००६०३२५२९६

उपरोक्त निष्कासन बैंकहरुमा दरखास्त फारम वितरण तथा रकम बुझिलिने व्यवस्था गरिएको छैन ।

नोटः साथै आवश्यकता अनुसार तीन दिन अगाडि बोर्डलाई जानकारी दिई अन्य वाणिज्य बैंकहरुलाई समेत निष्कासन बैंकको रुपमा नियुक्त गरिनेछ ।

साधारण शेयर निष्कासनका क्रममा संकलन केन्द्र नभएका जिल्लाहरुबाट मात्र ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा शेयर निष्कासन बन्द हुने अघिको मितिसम्ममा ग्लोवल आइएमई क्यापीटल लिमिटेडको नाममा खिचिएको एकाउण्ट पेयी (A/C Payee) ड्राफ्टसाथ शेयरको दरखास्त फारम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी पठाएका निवेदनहरुलाई मात्र बाँडफाँटमा समावेश गर्ने व्यवस्था रहेको छ । साधारण शेयर बिक्री बन्द भएको १५ दिन पछि प्राप्त ड्राफ्ट र आवेदन फारमलाई बाँडफाँटमा समावेश गरिनेछैन ।

२०. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

साधारण शेयर निष्कासन सम्बन्धमा लगानीकर्ताहरुको गुनासो सुन्न र समाधानका लागि धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक ग्लोवल आइएमई क्यापीटल लिमिटेड, राष्ट्रिय नाचघर, जमल, काठमाण्डौमा एक कक्षको व्यवस्था गरिएको छ । साथै लगानीकर्ताहरुले धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकको फोन नं. ४२२२४६०, फ्याक्स नम्बर ४२२२५३४ तथा E-mail: info@gicl.com.np बाट आफ्नो गुनासो तथा सुझाव प्रेषित गर्न सक्नेछन् ।

दरखास्त फारमको नमूना

सूर्योदय लघुवित्त वित्तीय संस्था लि.
Suryodaya Laghubitta Bittiya Sanstha Ltd.
नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गका इजाजतपत्र प्राप्त संस्था (१० जिल्ला कार्य क्षेत्र भएको)
केन्द्रीय कार्यालयः स्याङ्जा जिल्ला पुतलीबजार नगरपालिका वडा नं. १
फोनः ९७७-६३-४२११८७ फ्याक्सः ९७७-६३-४२१२२७
इमेलः suryodayalaghubitta@gmail.com, वेवसाइटः www.suryodayalaghubitta.com.np
को

प्रति दरखास्त फारम रु.२/-

आवेदकको
हालसालै खिचिएको
फोटो
(अनिवार्य)

दरखास्त फारममा निवेदकको आफ्नै खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, शाखा र खाता नं. अनिवार्य रुपमा खुलाउनु पर्नेछ ।

साधारण शेयर खरीद दरखास्त फारम

मार्फतः
Global IME Capital Limited
पोष्ट बक्स नं. २१५९९, राष्ट्रिय नाचघर, तेश्रो तल्ला, जमल, काठमाडौं
फोन नं. ९७७-१-४२२२४६०, फ्याक्सः ९७७-१-४२२२५३४
E-mail: info@gicl.com.np Website: www.globalimecapital.com

सि.नं.

श्री सञ्चालक समिति,
सूर्योदय लघुवित्त वित्तीय संस्था लि.
स्याङ्जा, नेपाल ।

कोड नं. ☐☐☐

हितग्राही खाता नं.	DP ID	Beneficial Owner ID

महाशय,

त्यस लघुवित्त वित्तीय संस्थाको मिति २०७३/०३/१४ गते नेपाल धितोपत्र बोर्डबाट स्वीकृत विवरणपत्रको शर्तमा रू.१००/- अङ्कित दरको साधारण शेयर कित्ता .... लिन इच्छुक भएकोले प्रति साधारण शेयर रू.१००/- को दरले रू. .... (अक्षरेपी रू. ....) यसै साथ पठाएको छु/छौं । त्यस लघुवित्त वित्तीय संस्थाको नियमानुसार गर्न मेरो/हाम्रो मञ्जुरी भएकोले उल्लिखित शेयर पाउन अनुरोध गर्दछु/गर्दछौं ।

माग गरेको संख्या		शेयर बापत जम्मा गरेको रकम		मिति	२०७३/०४/	
रकम बुझाएको संकलन केन्द्रको नाम र ठेगाना				भौचर/ड्राफ्ट नं.		
चेक खिचिएको बैंक वा वित्तीय संस्थाको नाम र ठेगाना				चेक नं.		
आवेदक स्वयंको खाता रहेको बैंक/वित्तीय संस्थाको नाम						
खाता रहेको बैंक वा वित्तीय संस्थाको शाखा		खाता नं.				
निवेदकको पूरा नाम	नेपालीमा	श्री/श्रीमती/सुश्री/नावालक				
	In English	Mr./Mrs./Miss/Minor				USE CAPITAL LETTER
स्थायी ठेगाना	वडा नं.	घर नं.	टोल	गा.वि.स./न.पा.	जिल्ला	
Permanent Address	Ward No.	House No.	Tole	VDC/Municipality	District	
सम्पर्क ठेगाना				नागरिकता प्रमाण-पत्र नं.		
P.O. Box No.		P.O. Box District		ना.प्र.प. जारी भएको स्थान		
PAN No.		Contact. No.		Cell No.		
निवेदक संस्था भएमा कार्यकारी प्रमुखको नाम	नेपालीमा					
	In English					USE CAPITAL LETTER
बाबुको नाम						
Father's Name						
बाजेको नाम						
Grandfather's Name						
पति/पत्नीको नाम						
संरक्षकको नाम (नावालकको हकमा)						
Guardian's Name (Incase of minor)						

यस शेयरको लागि लगानी गरेको रकम सम्पति शुद्धिकरण ऐनको बखिलाप हुनेगरी आर्जन गरेको होइन । साथै मैले/हामीले यसै साथ स्वयंले प्रमाणित गरेको नागरिकता प्रमाण-पत्रको प्रतिलिपि तथा कागजातहरु र यस दरखास्त फारममा खुलाएको विवरण साँचो हो । म/हामी यस माईक्रोफाइनान्स वित्तीय संस्थाको संस्थापक, सञ्चालक तथा नीजको एकाघरको परिवार नरहेको घोषणा गर्दछु/गर्दछौं । भुठा ठहरिएमा प्रचलित कानुन बमोजिम सहन/बुझाउन मेरो/हाम्रो मञ्जुरी छ ।

द्रष्टव्यः
(१) आवेदन फारममा आवेदकले आफ्नो नागरिकता प्रमाण-पत्र नम्वर अनिवार्य रुपमा खुलाउनु पर्नेछ । यसरी आवेदन दिंदा आवेदकले दरखास्त फारमसाथ आफ्नो नागरिकता प्रमाण-पत्रको प्रतिलिपि आवेदक स्वयंले प्रमाणित गरी समावेश गर्नुपर्नेछ ।
(२) शेयर खरीदका लागि दरखास्त दिंदा दरखास्तवालाले आफ्नो खाता र नावालकको हकमा नावालककै नाममा खाता रहेको Clearing House को सदस्य भएको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्वर अनिवार्य रुपमा दरखास्त फारममा खुलाउनु पर्नेछ । **फरक व्यक्तिको खाता नं. उल्लेख गरि रकम फिर्ता भुक्तानीमा कुनै समस्या भएमा सो को जिम्मेवार आवेदक स्वयं हुनेछ ।**
(३) रितपूर्वक नभरिएको दरखास्त फारमलाई शेयर बाँडफाँटमा समावेश गरिने छैन । आवेदकले अनिवार्य रुपमा निवेदकको दस्तखत रहेको स्थानहरुमा दस्तखत गर्नुपर्नेछ ।
(४) रु.५०,०००/- भन्दा माथि लगानी गर्ने दरखास्तवालाले अनिवार्य रुपमा प्रत्येक दरखास्त फारम साथ एकाउन्टपेयी (A/c Payee) चेक संलग्न गरी दरखास्त दिनु पर्नेछ । साथै, चेक मार्फत दरखास्त दिने आवेदकको चेक भुक्तानी (Realization) नभएमा दरखास्त फारम स्वतः रद्द हुनेछ ।
(५) बाँडफाँटमा नपरेको शेयर बापतको रकम रकमान्तर गर्न खुलाएको बैंक/वित्तीय संस्थाको नाम, ठेगाना र खाता नं. ठिक दुरुस्त तथा दरखास्त फारममा उल्लिखित निवेदक तथा खातावाला एकै व्यक्ति हुनु पर्नेछ । सो नभई रकम फिर्ता भुक्तानी गर्दा कुनै समस्या उत्पन्न भएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ ।
(६) रु.२ लाखको चेक भुक्तानी गर्दा Clearing शुल्क बापत रु.१० र सो भन्दा माथिको हकमा रु.३० लाग्नेछ ।
(७) **क्लियरिङ्का लागि लागू हुने मापदण्ड पुरा नगरी चेकको रकम भुक्तानी (Realization) नभएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ ।**

पुनश्चः
१. आवेदन फारम भर्नु अघि यस आवेदन फारमको पछाडीपट्टि रहेको दफा नं. १८ (निवेदकले पालना गर्नु पर्ने शर्तहरु) अध्ययन गर्नुहुन अनुरोध छ ।
२. आवेदक संस्था भएमा कार्यकारी प्रमुखको विवरण अनिवार्य रुपमा भर्नु पर्नेछ ।

निवेदकको दस्तखत
(Applicant's Signature)
(नावालकको हकमा संरक्षकको दस्तखत)

- - - - - - - - - - - - - - - - - - - -

यो रसिद हराई अर्कोले भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ ।

मार्फतः
Global IME Capital Limited
पोष्ट बक्स नं. २१५९९, राष्ट्रिय नाचघर, तेश्रो तल्ला, जमल, काठमाडौं
फोन नं. ९७७-१-४२२२४६०, फ्याक्सः ९७७-१-४२२२५३४
E-mail: info@globalimecapital.com Website: www.globalimecapital.com

रसिद
दरखास्तवालाले भर्नुपर्ने

सि.नं.

हितग्राही खाता नं.	DP ID	Beneficial Owner ID

Applicant's Name				
Company's Name	SURYODAYA LAGHUBITTA BITTIYA SANSTHA LTD.			
No. of Shares Applied		Call Money Per Share	Rs.100	Amount Deposited (Rs.)
Amount in Words				

निवेदकको दस्तखत
(Applicant's Signature)
(नावालकको हकमा संरक्षकको दस्तखत)

चेक भुक्तान नभएमा दरखास्त फारम स्वतः रद्द हुनेछ ।

For Official Use Only:
Received by:
Date: Stamp Code No. ☐☐☐

१) बाँडफाँटमा नपरेको शेयर बापतको रकम फिर्ता लिन यो रसिद अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । २) आवेदकलाई रकम फिर्ता दिंदा बैंक वा वित्तीय संस्थामा रहेको आवेदकको खातामा रकम जम्मा हुने गरी फिर्ता भुक्तानी दिइनेछ । ३) आवेदकलाई बाँडफाँटमा नपरेको साधारण शेयर बापतको रकम फिर्ता भुक्तानी दिंदा आवेदकले दरखास्त फारमसाथ स्वयंले प्रमाणित गरी संलग्न गरेको नागरिकता प्रमाण-पत्रको प्रतिलिपिको **सक्कलप्रतिको आधारमा सही आवेदकको पहिचान गरेर मात्र फिर्ता भुक्तानी दिइनेछ ।** ४) आफू उपस्थित हुन नसक्ने अवस्थामा यो रसिदको पछाडी मञ्जुरीनामा दिने र लिने दुवैले दस्तखत गरी यो रसिदका साथै आवेदकको सक्कल परिचय-पत्र पेश गरी मञ्जुरीनामा पाउने व्यक्तिको कुनै आधिकारीक परिचय-पत्रको प्रतिलिपि समेत अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।

धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकः

Global IME Capital Limited
ग्लोबल आइएमई क्यापीटल लि.
GROW WITH US

पोष्ट बक्स नं. २१५९९, राष्ट्रिय नाचघर, तेश्रो तल्ला, जमल, काठमाडौं
फोन नं. ९७७-१-४२२२४६०, फ्याक्सः ९७७-१-४२२२५३४
E-mail: info@gicl.com.np Website: www.globalimecapital.com